परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

क्राईम अपरेशन साप्ताहिक पत्रिकाको इ-पेपर www.crimeoperation.net मा लगइन गरी हेर्न सम्पूर्ण महानुभावहरुमा हार्दिक अनुरोध गर्दछु । सम्पादक

❑ वर्ष १२ ❑ अंक १ २०८० श्रावण ७ गते आईतवार Sunday 23, JUL 2023 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

## हनुमान मन्दिर रक्षाको लागि जस्तो सुकै कदम चाल्ने साधुहरूको चेतावनी

विराटनगर, श्रावण १ गते । दुहवी नगरपालिका वडा नं. ५ मा रहेको १ सय वर्ष पुरानो हनुमान मन्दिरले ओगेटेको जग्गा संरक्षणको लागि जस्तो सुकै कदम चाल्ने साधुहरुले चेतावनी दिएका छन् ।




नेपाल पत्रकार महासंघ मोरंपग शाखाको सभाहलमा पत्रकार सम्मेलन गरी हनुमान मन्दिरले ओगेटेको करीव १ विगहा ६ कट्ठा क्षेत्रफल जग्गा मध्ये करीब ८ कट्ठा जग्गा दुहवी नगरपालिकाले हिन्दु स्वयम सेवक संस्थालाई दिने निर्णय गरेपछि सो चेतावनी दिएको हो ।

हनुमान मन्दिर परिसरमा नेपाल सरकारको नाममा रहको करीब १ विगहा ६ कट्ठा जग्गा मध्ये करीब १३ कट्ठामा पोखरी रहेको छ । करीब ५ कट्ठा जग्गामा मन्दिर छ वांकी जग्गामा वाली लगाई साधुहरुले जीवन आपन गर्दै आएको मनोज कुमार रौनियारले वताए ।

दुहवी नगरपालिकाले हनुमान मन्दिरमा रहेको साधुहरु र आगन्तुक साधुहरुलाई कहिले पनि एक पैसाले सहयोग गरेको छैन अहिले उल्टै नगरपालिकाका मेयरले जग्गा हड्पेर अर्को एनजीयोलाई दिने निर्णय गरेर साधुसन्तहरुलाई भगाउन खोजेको आरोप रौनियरले लगाए ।

त्यसैगरी हनुमान मन्दिरमा बस्दै आएका कन्हैया दास, शिवचरण गोस्वामी, दिवाकर चौधरी र महादासीन बस्दै आएका छन् । उनीहरुले हनुमान मन्दिरमा पूजापाठ गर्ने र खाली जग्गामा अन्न उत्पादन गरी आफूहरु खाने र आगन्तुक साधुसन्तलाई समेत खुवाउने गरको सिताराम संघ समाजको अध्यक्ष महन्थ कपिल बाबाले वताए ।

कपिल बावाले भने मन्दिर र कुटीहरुमा अहिले केही व्यक्तिहरुले हाली मुहाली गरी रहेका छन् । ती व्यक्तिहरुले साधु सन्तहरुलाई अपहेल्न गर्ने, साधु सन्तले ओगेटेको जग्गामा आँखा लगाउने काम भई रहेको छ । दुहवीको हनुमान मन्दिरमा त्यस्तै नगरपालिकाले गरि रहेको छ । नगरपालिकाले आफ्नो निर्णय नसच्याए देशभरको साधुहरुलाई भेला गरी जस्तो सुकै कदम चाल्न वाध्य हुने समेत चेतावनी दिए ।

कपिलबाबाले विराटनगर महानगरपालिका वडा नं. ९ को वाटा गल्लीमा रहेको कविर सतगुरु आश्रमलाई बाबु प्रसाद यादवले सटर बनाएर भाडा लगाई महिनाको ३ लाख खाने गरेको र कविरको मन्दरको चारै तिर फोहर वनाएर वराखेको भन्दै त्यसको विरुद्ध पनि केही समय पछि कविर सन्तहरुको भेला गरी आन्दोलन गरने वताए । सन्तहरुको सम्पति सन्तहरुले उपभोग गर्ने पाउनु पर्ने वहांको भनाई थियो ।

## पोखरीया माविलाई अवार्ड

विराटनगर । विराटनगरको पोखरिया माध्यमिक विद्यालयलाई केन्द्रविन्दु प्लस टु एक्सिलेन्स अवार्ड २०८० प्रदान गरिएको छ ।

कोशी प्रदेशको राजधानी विराटगर महानगरपालिका वडा नं.३ मा रहेको पोखरिया माध्यमिक विद्यालयलाई सो अवार्ड केन्द्रविन्दु डटकमले प्रदान गरको हो ।

केन्द्रबिन्दु डटकमले आइतबार काठमाडौंमा आयोजना गरेको एक विशेष कार्यक्रमका बीच गुणस्तरीय शिक्षा प्रदान गर्नेमा कोशी प्रदेश कै अग्रणी स्थानमा रहेको पोखरिया माध्यमिक विद्यालयलाई केन्द्रविन्दु प्लस टु एक्सिलेन्स अवार्ड २०८० ले सम्मानित गरको थियो ।

पोखरीया माध्यमिक विद्यालयले सामुदायिक शिक्षा क्षेत्रमा पुऱ्याएको योगदानको कदर गर्दै केन्द्र विन्दु डटकमले सो अवार्ड प्रदान गरिएको थियो ।

कक्षा १ देखि १२ सम्मको अध्ययन हुने पोखरीया माध्यमिक विद्यालयमा प्लस टू तर्फ विज्ञान, व्यवस्थाप शिक्षा र प्राविधिक तर्फ कम्प्युटर इन्जिनियरिङ्गमा अध्ययन हुँदै आएको छ । अनुशासित र

वांकी अन्तिम पेजमा...

## व्यापारी र प्रहरी बीच झडप

विराटनगर । मोरंगको कटहरी गाउँपालिका वडा नं. १ हुलाकी राजमार्गको छेउमा लाग्ने हटिया बजारका साना व्यापारी र प्रहरी विच दिनभर झडप भएको छ ।

गाउँपालिकाले असार १८ गते हाटखोलामा लाग्दै आएको रविवार, बुधवार र शनिवार लाग्ने हटिया २०८० साल श्रावन १ गते देखि बन्द गरी प्रत्येक हप्ताको आइतवार, बुधवार र शनिवार सोही वडामा रहेको तरकारी तथा फलफुल थोक बजारको खुल्ला क्षेत्रमा लगाउने निर्णय गरेको थियो ।

सोही निर्णयको विरोधमा हटिया बजारका साना व्यापारीहरुले हाटखोलामा समान राखेर वेच्न खोजेपछि सो झडप भएको हो ।

साना व्यपारीहरुले हटिया लगाउन खोज्ने र प्रहरीले भगाउन खोजेपछि झडप हुनुका साथै हुलाकी राजमार्गमा टायर बालेर सडक बन्द गर्न खोज्दा प्रहरीले समान्य लाठी चार्ज गरको थियो । ग

साना व्यपारीहरुले गरीब लाई गाउँपालिका अध्यक्षले कमाएर खान समेत अवरोध गरेको हाट बजार लाग्ने ठाउँ व्यक्तिगत भएकोले जसको जग्गा छ उसले हाट लगाउन दिन तयार भएता पनि गाउँपालिका का अध्यक्षले व्यक्तिगत लाभको लागि गरीबको पेटमा लात हानेको एक आन्दोलन कारीले आरोप लगाए ।






# लागुऔषध सहित ४ पक्राउ

बिराटनगर। झापा, मोरङ र सुनसरीको छुट्टा छुट्टै स्थानबाट प्रतिबन्धित लागुऔषध ब्राउन सुगर सहित चार जनालाई प्रहरीले पक्राउ गरेको छ।

झापाको बाह्रदशी गाउँपालिका-६ भित्रि सडक खण्ड स्थितमा ईलाका प्रहरी कार्यालय अनारमानीबाट खटिएको प्रहरी टोलीले बा.२६ प ३६३८ नम्बरको मोटर साईकललाई रोकी चेकजाँच गर्दा चालक स्थानीय ४२ वर्षीय राम बहादुर तामाङको साथबाट १ ग्राम २ सय ५ मिलिग्राम ब्राउन सुगर र नगद ३ हजार ६ सय बरामद गरेसगै निजको घरकोठामा खानतलासी गर्दा उक्त कोठामा लुकाईछिपाई राखेको अवस्थामा डिजिटल तराजु एक थान, ब्राउन सुगर २ ग्राम २ सय ५० मिलिग्राम बरामद गरेको थियो।

त्यसै गरी मोरङको पथरीशनिश्चरे नगरपालिका-१ स्थित २४ वर्षीय अनिल भट्टराइको घरमा लागुऔषध बिक्रिबितरण भईरहेको छ भन्ने गोप्य सुचनाको आधारमा ईलाका प्रहरी कार्यालय पथरीबाट खटिएको प्रहरी टोलीले खानतलासी गर्दा ब्राउन सुगर ८ सय ६० मिलिग्राम सहित निजलाई पक्राउ गरेको हो। त्यस्तै मोरङको बिराटनगर- १५ ढाट स्थित भारत बाट नेपालतर्फ आउदै गरेको पैदल यात्री धरान-३ का २६ वर्षीय सगर सहनीको साथबाट २ ग्राम ४० मिलिग्राम सहित नियन्त्रणमा लिएको हो भने कोशी प्रदेश प्रहरी कार्यालय बिराटनगर (च्ह्स्त)बाट खटिएको प्रहरी टोलीले सुनसरीको ईटहरी उप-महानगरपालिका- १२ घर भई हाल ईटहरी-८ स्थित बस्दै आएका अनिस रानाको साथबाट लागुऔषध ब्राउन सुगर २ ग्राम ३ सय मिलिग्राम सहित पक्राउ गरेको थियो ।

लागुऔषध ब्राउन सुगर सहित पक्राउ परेका उनिहरुको सम्बन्धित प्रहरी कार्यालयहरुबाट थप अनुसन्धान भईरहेको छ।

## मगही...

उत्कृष्ट शैक्षिक वातावरणका लागि छुट्टै पहिचान बनाएको कलेजले विश्व बजारमा प्रतिस्पर्धी बनाउन कक्षा १ बाटै पहल गर्छ।

गरिब र जेहेन्दार विद्यार्थीलाई आंशिक र पूर्ण छात्रवृत्ति प्रदान गर्दै आएको पोखरीया माध्यमिक विद्यालयले शैक्षिक प्रदर्शन, कक्षा गतिविधि र शैक्षिक प्रगतिका आधारमा छात्रवृत्तिका लागि विद्यार्थी छनौट गर्ने गरेको छ। सामुदायिक विद्यालय तर्फ पोखरिया माविले विशिष्ट स्थान हासिल गरेको छ।

# गर्मीमा शरीरलाई फाईदा गर्ने यी १० फलफुल

गर्मीमा हाइड्रेटेड रहनु निकै महत्त्वपूर्ण हुन्छ। गर्मीमा हाइड्रेटेड रहन फलफूलहरू खानु सबैभन्दा उत्तम तरिका हो। फलफूलहरूले तत्काल ऊर्जा प्रदान गर्दछ र थकान कम गर्न मद्दत गर्दछ। फलफूलले शरीरलाई हाइड्रेटेड राख्छ। गर्मी महिनामा केके फलफूल खाने भन्ने चर्चा गरौं :

१. तरबुजा

तरबुजा बिना गर्मी मौसम अधुरो जस्तै छ। यो गर्मी मौसममा खाइने सबैभन्दा राम्रो र चिसो फल हो। तरबुजा स्वस्थ र सस्तो पनि हुन्छ। यो पानी सँगै भिटामिन 'ए र सी'को पनि राम्रो स्रोत हो । भिटामिन ए ले रोग प्रतिरोधात्मक क्षमता बढाउँछ र आँखाको लागि राम्रो गर्छ । भिटामिन सीले रोग प्रतिरोधात्मक क्षमता पनि बढाउँछ। तरबुजामा भिटामिन बी६ र पोटासियम पनि हुन्छ । पोटासियमले शरीरमा पानीको सन्तुलन कायम राख्छ भने भिटामिन बी ६ ले रोग प्रतिरोधात्मक क्षमता बढाउँछ। पोटासियमले मांसपेशी दुख्नबाट पनि बचाउँछ र मुटुलाई पनि स्वस्थ राख्छ । तरबुजा खाँदा छालालाई घामको किरणबाट हुने क्षतिबाट बच्न समेत मद्दत गर्छ।

२. आँप

आँपकै कारण गर्मी मन पराउने मानिसहरू धेरै छन् । आँप क्यालोरीमा उच्च भएता पनि पोषक तत्त्वको एक धनी स्रोत हो। आँपलाई 'फलफूलको राजा' भनेर चिनिनुका केही कारण छन् । यसमा फाइबर, २० प्रकारका खनिज र भिटामिन पाइन्छ। फाइबरले पाचनमा मद्दत गर्छ र पेट भरि राख्न मद्दत गर्छ । आँपमा भिटामिन ए, सी र पोटासियम पनि प्रशस्त पाइन्छ।



३. मेवा

गर्मीमा खान सकिने अर्को फल हो- मेवा । मेवामा भिटामिन ए, सी, फोलेट र विभिन्न फाइटोकेमिकल्स जस्ता पोषक तत्त्वहरू हुन्छन्। यसले अपच कम गर्न पनि मद्दत गर्दछ । मेवा बिटा क्यारोटिनको राम्रो स्रोत पनि हो। यसले छालाको क्षतिलाई रोक्छ । मेवामा एन्टिअक्सिडेन्टको पनि राम्रो मात्रामा हुन्छ र यसले क्यान्सर र गम्भीर हृदय रोगहरूबाट बचाउन मद्दत गर्दछ।

४. अम्बा

अम्बा गर्मीमा स्वास्थ्यलाई फाइदा गर्ने फल हो। अम्बा मधुमेह रोगीहरूको लागी राम्रो छ । यसले रगतमा चिनी र इन्सुलिनको स्तर सन्तुलित राख्न मद्दत गर्छ। यसमा घुलनशील फाइबर र पोटासियमको उच्च सामग्री हुन्छ । दिनको एउटा अम्बाले मेटाबोलिज्म, अनुहार, आँखाको ज्योति र मानसिक स्वास्थ्यमा सुधार ल्याउन सक्छ। महिनावारीको दुखाइ कम गर्न अम्बा पनि खान सकिन्छ।

५. स्ट्रबेरी

स्ट्रबेरीलाई छालाको समस्या, दाँत सेतो पार्ने र पाचन समस्याका लागि प्रयोग गरिन्छ। स्ट्रबेरीमा फाइबर, भिटामिन सी र म्यांगनीज पनि प्रशस्त हुन्छ। स्ट्रबेरीमा फोलेट र पोटासियमको पर्याप्त मात्रा पनि पाइन्छ। गर्मीमा स्ट्रबेरी खाँदा छाला र स्वास्थ्य समस्याबाट बच्न सकिन्छ।

६. आलुबखडा

आलुबखडामा प्रशस्त पौष्टिक तत्त्व पाइन्छ। यसमा फाइबर र सोर्बिटोल हुन्छ जसले कब्जियत र अन्य पाचन सम्बन्धी समस्याहरूलाई कम गर्न मद्दत गर्छ। आलुबखडाले रक्तचापको स्तरलाई कायम राखेर र स्ट्रोकबाट जोगाएर मुटुलाई स्वस्थ राख्छ। आलुबखडाको सेवनले स्तन क्यान्सर र टाइप-२ मधुमेहको जोखिम कम गर्छ।

७. अङ्गुर

अङ्गुर गर्मीमा सजिलै पाइने फल हो। यो पोटासियमको एक धनी स्रोत हो। उच्च कोलेस्ट्रोल भएकाले समेत अङ्गुर खानु राम्रो मानिन्छ। अङ्गुरले मुटुलाई स्वस्थ राख्छ। अङ्गुरले धेरै भाइरल इन्फेक्सनलाई पनि रोक्छ र आँखाको क्षयलाई रोक्छ। यसले अपच कम गराउँछ र स्तन क्यान्सरसँग लड्न मद्दत गर्छ।

८. भुइँकटहर

भुइँकटहर गर्मीमा सबैभन्दा धेरै रुचाइने फल मध्य एक हो । भुइँकटहरले मेटाबोलिज्म बढाउन मद्दत गर्दछ । यसले उच्च रक्तचापका बिरामीलाई समेत फाइदा गर्छ।

९. लिची

लिची र आँप गर्मीमा मात्र पाइने दुई फल हुन् । लिची पोटासियम, पोलिफेनोल र भिटामिनको ठुलो स्रोत हो । जसले शरीरलाई धेरै फाइदा गर्छ। एन्टिअक्सिडेन्टले भरिपूर्ण लिचीले रोग प्रतिरोधात्मक क्षमता बढाउँछ।

१०. किवी

किवी सबैभन्दा पोषक तत्त्वले भरिएको फल हो । यसमा भिटामिन ए, सी, र बी ६, म्याग्नेसियम र फलाम पाइन्छ। किवीले रगतमा हेमोग्लोबिनको मात्रा र शरीरमा क्षारीय सन्तुलन कायम राख्न मद्दत गर्छ। किवीले निद्रा सम्बन्धी समस्याहरू पनि मद्दत गर्दछ। यो हृदय, छाला, कपाल र कलेजोको लागि फाइदाजनक छ।







## सुशासन कायम गरौं

- सार्वजनिक सेवा प्रवाह गर्दा सम्बन्धित व्यक्ति र निकाय जिम्मेवार बनौं।
- विकास निर्माणका कार्यमा नागरिक निगरानी बढाऔं।
- विकास योजना तर्जुमा, कार्यान्वयन र अनुगमनको प्रक्रियामा जनसहभागिता जुटाऔं।
- सार्वजनिक सेवालाई सरल पार्दर्शी र जवाफदेही बनाऔं।
- सार्वजनिक सेवा तथा विकास निर्वाण बारे सूचनाको हक प्रयोग गरी जानकारी मागौं।

नेपाल सरकार, विज्ञापन बोर्ड

परिवर्तनको लागि
क्राईम अपरेशन
Crime Operation साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउट:विजय कु.मण्डल
मुद्रक:बाबा प्रिन्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

# डेंगु रोग फैलिनबाट जोगाऔं

समाजमा मौसम अनुसारको जिवानुहरु उत्पन्न भई ती जीवानुहरुले मानव जीवनहरु मध्ये केही जुवानुहरु मानव जीवनको रक्षाको लागि हन्छ भने धेरै जसो जीवानुहरु मानव जिवनमा क्षति पुर्‍याउने खालको हुन्छ। कही साता अघि वर्षा भई  अहिले अध्याधिक गर्मी वढेको छ। गर्मी मौसम भनेको गर्मीमात्र नभई रोगको घरपनि हो। गर्मी शुरु भएसंगै लामखुट्टेको पनि वृद्धि भएको छ। लामखुट्टेले अहिले व्यापक रुपमा डेंगु फैलाई समाजमा आंतक मचाई रहेको छ। त्यसको रोकथामको लागि समयमै उचित व्यवस्थापन गरिएन भने अहिले त पूर्वी नेपालमा डेंगु वढेको छ। यो अवस्था देशभरी नै हुन सक्छ। त्यसैले समयमै स्वास्थ्य मन्त्रालय लगायत सम्वन्धित निकायले ध्यान पर्‍याउनु पर्छ।

गर्मी मौसम भनेको पानीको मौसममात्रै होइन, रोगव्याधिको मौसम पनि हो। गर्मी सुरु हुन नपाउँदै लामखुट्टेले डेंगु रोग फैलाइरहेको छ। पूर्वी सहर धरानका अस्पतालमा अहिले डेंगुका बिरामीको चाप परिसकेको छ।

डेंगु रोगका कारण हजारौ विरामी परी अस्पताल भर्ना भएको छन् भने कहीको मृत्यु समेत भई सकेको छ। डेंगु अहिले महामारीको रुप नलिएता पनि महामारीको रुप नलेला भन्न सकिन्न। गर्मी मौसमको मनसुन नसके सम्म डेंगुको डर त्रालमा बाच्नु पर्ने हुन्छ। डेंगुको रोकथाम गर्न सतर्कता अपनाउनुको विकल्प छैन। त्यसमा पनि सरकारी तवरवाटमात्र सचेतना फैलाएर हुदैन। जलवायु परिवर्तनको असर के भने डेंगुबाहक प्राणी लामखुट्टेले पनि अचेल तराई मधेसबाट पहाड र हिमाली क्षेत्रमा पनि बसाइ सारेको छ। तसर्थ संक्रमणको डर कुनै खास ठाउँमा मात्रै नभई देशैभरि रहेको छ।

विभिन्न लामखुट्टेहरु मध्ये एडिस एजेप्टी र एडिस एल्बोपिक्टस प्रजातिले डेंगु संक्रमण गराउँछ। डेगु लागेपछि देखिने लक्षणहरु अचाक्ली टाउको दुख्ने, चर्को ज्वरो आउने, सास फेर्न कठिन हुने, रक्तस्राव हुने, जिउ थाक्ने, गल्ने, रिंगटा लाग्ने र बान्ता हुने जस्तो हुन्छ। त्यसैले समयमै सवै सचेत हुन आवश्यक छ। अन्यथा डेंगुले समाजमा वितन्डा मचाएरै छोड्छ।

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ) : दम्पतिमा घरायसी विषयलाई लिएर वादविवाद बढेर असमझदारी वढ्ने सम्भावन छ। मनोरञ्जन र भ्रमणको योग छ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो) : वाणीको प्रभावले महत्वपुर्ण काम बन्ने छ भने मनोरञ्जन एवम अध्ययन भ्रमणको समेत अवसर मिल्ने योग छ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : युवा वर्गका लीगि रमाइलो वातावरणको  अवसर मिल्ने छ। इष्टमित्रका सहयोगले महत्वपुर्ण काम बन्ने।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)** : युवावर्गका लाीग मनोरञ्जन एवं प्रेम प्रसङ्गमा रमाउने योग रहनुका साथै कतै भ्रमणमा जाने योग छ।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईकै हुने छ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)** : घरायसी र पारिवारीक विषयले चिन्ता बढाउने छन। बौद्धिक क्षेत्रका काममा सफलता मिल्ने योग रहेको छ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)** :भोग विलासका सामग्री हरुको किनमेलमा पैसा खर्च गराउला। काममा विघ्न वाधाहरु आउन सक्नेछन।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू) : बुद्धिको प्रभावले ठुला–ठुला समस्या** हरुमा समाधान निकाल्नलाई योग छ। मित्रहरको सहयोग राम्रो रहने छ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)** : धार्मिककाममा महत्वपूर्ण सहभागिता जनाउनुपर्दछ। व्यापारीवर्गका लागि मनग्गे आमदानीको योग छ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)** : धार्मिक उव समाजिक काममा मान स्म्मान मिल्ने योग छ। महीनाको उत्तराधएमा सामान्यवादविवादमा समेत तान्ने छ।

**कुम्भ** (गु,गे,गो,सा,सी,सु,से,सो,द) **:सानो तिनो चोटपटकको सम्भावना र हेकाले सतर्कता अपनाउनु होला। भाग्यले राम्रै साथ दिनाले सफलता मिल्नेछ ।**

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईकै हुने छ।

# आरक्षणको अर्थ नातावाद र कृपावाद होइन

अमृता लम्साल

देशमा चलिरहेको वा भइरहेको कुनै सामाजिक आन्दोलनको उद्देश्य कोही पनि तत्तत् पदमा बस्न वा त्यस पदबाट प्राप्त हुने व्यक्तिगत फाइदाको लागि पक्कै होइन। ती आन्दोलनमा लाग्ने व्यक्तिहरूलाई आशा हुन्छ कि जब सम्बन्धित व्यक्तिहरू पदमा आसीन हुन्छन् तब ती व्यक्तिहरूले आफूपछिका पिंढीका लागि पहिलेको भन्दा उनीहरूको नेतृत्व लिएको समयमा राम्रो अवस्था र स्थिति सृजना गरून्।

यो कुरा समाजको हरेक तह र तप्कामा लागू गरिनुपर्थ्यो तर, यो कुरा लेखे, बोले र आशा गरे जस्तो सजिलो छैन। यो कुरा जनजाति, यौनिक अल्पसंख्यक, आदिवासी, दलित, महिला सबै समूहमा लागू हुनुपर्छ भन्ने सामान्य व्यक्तिको सोच हो तर, त्यो भइराखेको देखिन्न।

यहाँ, एउटै लेखमा सबै विषय र समूहको कुरा समेट्न खोज्नु भनेको हुटिट्याउँले आकाश थाम्न खोजे जस्तै हो त्यसैले, यहाँ केवल महिलाका कुरा मात्रै उठाउन चाहन्छु।

नेपालमा महिला आन्दोलन धेरै अगाडि सुरु भएको हो, ती आन्दोलनहरू कहिले औपचारिक भएर अगाडि देखिए, कुनै बेला छरपस्ट भएर व्यक्ति व्यक्तिको विचारको रुपमा देखिए।

सरकारले महिलाहरूको कुरा कहिल्यै पनि सजिलोसँग सुनेको देखिंदैन तर, अन्तर्राष्ट्रिय दबाबकै कारण भए पनि तत्कालीन श्री ५ को सरकारले सन् १९९१ अप्रिल २२ देखि लैंगिक न्यायको पक्षमा बनेको संयुक्त राष्ट्रसंघीय उपकरण, 'महिला उपर हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि ( कन्भर्सन अन द इलिमिनेसन अफ अल फ्रमस् अफ डिस्क्रिमिनेशन अग्नेष्ट वुमन (सीईडीएडब्लु) को पक्ष राष्ट्र बनेको छ।

यसले नेपालको संविधान तथा ऐन कानुनहरू, उक्त सन्धिसँग बाझिने हदसम्म खारेज गरेर अर्को कानुन, नीति, नियमको व्यवस्था गरिनुपर्ने हो र थियो। तर, त्यसो भइरहेको छैन भन्ने उदाहरण धेरै पाइन्छन्, तत्कालको उदाहरण हाल सालैको नागरिकता कानुन हेरे पुग्छ।

लेख्दा र पढ्दा तीतो लाग्ला तर, यदि नेपालले विश्व समुदायमा अनुहार देखाउन नपर्ने र त्यसबाट आउन सक्ने समस्या सामना गर्न नपर्ने हो भने, दातृ संस्थालाई दुहुनो गाईको रुपमा उपयोग गर्ने स्वार्थ नहुने हो भने, महिलालाई अगाडि बढाउन हाल भइरहेको कानुन, नीति इत्यादि बन्ने थियो भन्ने कुरामा शंकै लाग्छ।

हुनत, नेपालमा महिलालाई प्राथमिकतामा राखेर नीति निर्माण गर्ने सोच छैटौं पञ्चवर्षीय योजना (२०३७-२०४२) बाट मात्रै आएको हो; त्यो पनि त्यत्तिकै होइन। सन् १९७५ मा मेक्सिकोमा भएको महिला सम्मेलन, जसमा नेपालले पनि भाग लिएको थियो त्यसपछि, संयुक्त महासंघले उक्त वर्षलाई 'अन्तर्राष्ट्रिय नारी वर्ष' र सन् १९७६ देखि १९८५ सम्मलाई नारी दशकको रुपमा मनाउन आफ्ना सदस्य राष्ट्रहरूलाई आह्वान गर्‍यो।

सदस्य राष्ट्र भएको नाताले नेपाललाई पनि आफ्नो देशमा महिला विकासका कार्यक्रम हरू चलाउन दबाब पर्‍यो। त्यसपछिका दिनहरूमा नेपाल मा महिलाहरूको आर्थिक, राजनैतिक, सामाजिक विकास मा विशेष पहलहरू सुरु भए।

ती दिनहरूमा दातृ संस्था हरूको के भूमिका थियो, त्यो अर्को खोजको विषय हुनसक्छ तर, त्योभन्दा धेरै अगाडि नै, महिला विकासको नाममा त होइन, सरकारकै नाममा विकासे फन्ड आउन सुरु गरि सकेको उदाहरण सन् १९६५ मा नेपालमा विदेशी सहायता र राजनीति विषयमा अक्सफोर्ड युनिभर्सिटी प्रेसले प्रकाशित गरेको एउटा लेखमा रहेछ।

युगेन ब्रेमर मिहेली नामक व्यक्तिले लेखेको उक्त लेख ( जसलाई 'हिमाल साउथएशिया' ले सन् २००२/०३ तिर आफ्नो प्रकाशनमा पुनः प्रकाशन गरेको छ)मा भनिएको छ- 'यो छलफलकै विषय हो, नेपालले सहायता पचाउँछ कि, सहायता ले नेपाललाई पचाउँछ। नेपालमा सहायताको बारेमा गहिरिएर गर्नुपर्ने अनुसन्धान लाई वास्तै गरिएको छैन।'

औंलामा गनिने महिलालाई पनि राजनीतिक दलमा हालीमुहाली गर्ने पुरुषहरुको 'नातेदार' भएको कारणले मात्रै अगाडि ल्याइन्छ। यहाँ बुझ्न नसकिने कुरो के हो भने, त्यस्ता हकहितका कुरा समाजका प्रभावशाली वर्गहरूकै लागि अगाडि सारिएको हो त ?

उक्त उदाहरण प्रस्तुत गर्नुको कारण, नेपालको महिला विकासमा सरकारले, जनताको करबाट उठाएको पैसा भन्दा बढी पैसा, विदेश र विदेशी संस्थाबाट ल्याएर खर्च गरेको छ। त्यसरी ल्याइएको पैसाको कति प्रतिशत विकासमा खर्च गरिए वा कति व्यक्तिको पक्षमा गए, त्यसको बहस छुट्टै होला।

नेपालमा पञ्चायतकालदेखि नै महिला विकासको अवधारणा सुरु भए पनि त्यसलाई जोडतोड साथ प्रचारप्रसार गरिएको ९० को दशकपछि नै हो। अझ प्रष्ट भन्नुपर्दा सन् १९९५ को चौथो विश्व महिला सम्मेलनपछि त जताततै महिला विकास/महिला हकहित र चेतना जगाउने नारा खुबै सुनिन्छन्।

यसै क्रममा उठ्यो, आरक्षण या सकारात्मक विभेदको कुरा; यो पनि विदेशबाटै सिकेको भन्दा फरक नपर्ला।

सकारात्मक विभेद भनौं वा आरक्षण या कोटा सिस्टम जे भने पनि विभेदमा परेको या पिछडिएको वर्गलाई अगाडि ल्याउनको लागि तयार गरिएको विशेष कानुन या नीतिको पहिलो सूत्रपात, संयुक्त राज्य अमेरिकामा सन् १९६१ मार्च ६ तारिखको दिन, तत्कालीन राष्ट्रपति जोन एफ केनेडीको पालामा 'एक्ज्युकेटिव अर्डर नम्बर १०९२५' बाट सुरु भएको देखिन्छ।

उक्त एक्ज्युकेटिव अर्डरले कामदारहरूलाई उनीहरूको जाति, रङ, जन्मिएको देशका आधार आदिमा फरक नगरी बराबरीको व्यवहार गर्नुपर्नेछ भनिएको थियो। तत्पश्चात्, त्यसैलाई निरन्तरता दिँदै, सन् १९६५ मा अमेरिकाका तत्कालीन राष्ट्रपति लिनडेन बि जोन्सनले 'एक्ज्युकेटिव अर्डर ११२४६' जारी गरे।

त्यसभन्दा अगाडि नै, सन् १९६४ मा 'द सिभिल राइट्स एक्ट अफ १९६४' आइसकेको थियो; जुन एक्टले जाति, धर्म, लिंग र राष्ट्रियताको आधारमा विभेद गर्न नपाइने, बराबरको व्यवहार हुनुपर्ने कुरालाई कानुनी दायरामा ल्याइसकेको थियो। यस्तै कानुनहरूबाट पिछडिएका र सीमान्तकृत वर्गलाई विशेष व्यवस्था गरेर भए पनि अगाडि ल्याउने सोच अगाडि बढ्दै गयो।

नेपालले पनि महिला उपर हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धिको पक्ष राष्ट्र बनेपछि थुप्रै विभेदकारी कानुन उन्मूलन गर्दै गएको देखिन्छ- सिवाय, नागरिकता।

नेपालको सरकारले सकारात्मक विभेदकै नीति पालना गरेर २०५८ देखि महिलाको पारि श्रमिक आयमा १० प्रतिशत छुट दिन थाल्यो। त्यो छुट दिने ऐनअनुसार महिला, दलित, अपाङ्गता भएकोमध्ये कम्तीमा ३३ प्रतिशतलाई समावेश गरी १०० भन्दा बढी नेपाली नागरिकलाई वर्षभरि प्रत्यक्ष रोजगार दिने उद्योगलाई सो वर्षमा लाग्ने करमा २० प्रतिशत छुट दिने व्यवस्था छ।

आर्थिक ऐन, २०७३ ले महिलाको नाममा स्वामित्व प्राप्त हुने गरी पारित हुने लिखित रजिष्ट्रेसन दस्तुरमा २५ प्रतिशत छुट हुने व्यवस्था छ।

शिक्षा ऐन, २०२८ अनुसार सामुदायिक विद्यालयहरूमा छात्रालाई निःशुल्क शिक्षा प्रदान गर्ने एवं संस्थागत विद्यालयहरूमा महिला विद्यार्थी समेतका लागि १० प्रतिशत नघट्ने गरी छात्रवृत्तिको व्यवस्था छ। यस्ता थुप्रै ऐन कानुन बनेका र बन्दै पनि छन्। तर, यो लक्षित समूहसम्म पुगेको छ त ? त्यस्तो पटक्कै लाग्दैन। यो, बोल्न सक्ने र पहुँच भएका वर्गहरूमधै सीमित भइदियो।

स्मरणीय छ, 'महिला विकास'को प्रसंग उठाउँदा, 'राजनीतिमा महिला' पनि एक महत्वपूर्ण विषय हो। त्यो बाहेक सबै क्षेत्रमा  ३३ प्रतिशत महिला सहभागिता हुनैपर्ने भन्ने नाराले त गाउँ-बस्ती सबैतिर घन्काएको भान हुन्थ्यो।

राज्य भनेको सम्भ्रान्त वर्ग, पुरुष वर्चस्व मात्रै होइन सम्पूर्ण लिङ्ग, जातजाति, भूगोल, वर्ग सम्प्रदाय हो। असमान शक्ति सन्तुलनले पिछडिएको वर्गलाई मात्रै नभएर राज्यको विकास क्रमलाई पनि नकारात्मक प्रभाव पार्ने हुँदा राज्यलाई समावेशी बनाउनको निम्ति भुईँको

वांकी ५ पेजमा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

### अस्पताल

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

# विजेता दस भिडियो हङकङमा प्रदर्शन



विराटनगर । 'मेरो गाउँ मेरो ठाउँ भिडियो च्यालेञ्ज २०२३' मा विजेता दस भिडियो हङकङमा प्रदर्शन भएको छ । विजेता भिडियोहरू आइतबार साँझ हङकङस्थित हेनरी जि लियोङ हल, याउ मा तेईमा प्रदर्शन गरिएको हो ।

नेपालको सांस्कृतिक विविधतालाई बाहिर देखाउन सकेनौँ भने हाम्रो भाषा संस्कृति नेपाल बाहिर कतै पनि जान सक्दैन । नेपालमा त्यस्ता धेरै सुन्दर पर्यटकीय स्थलहरू छन् जसलाई यस भिडियो च्यालेञ्जले प्रवर्द्धन गरिरहेको छ ।

प्रचुर पर्यटकीय सम्भावना भएर पनि ओझेलमा परेका पर्यटकीय थलोहरू विश्वमाँझ प्रवर्द्धन गर्ने उद्देश्यले 'नेपाल टुरिज्म फिल्म फेस्टिभल' आयोजना गरिएको आयोजक वि विल राइज फाउन्डेसनका अध्यक्ष तुलसी कुमार गुरुङले बताए ।

'नेपालको सांस्कृतिक विविधता लाई बाहिर देखाउन सकेनौँ भने हाम्रो भाषा संस्कृति नेपाल बाहिर कतै पनि जान सक्दैन । नेपालमा त्यस्ता धेरै सुन्दर पर्यटकीय स्थलहरू छन् जसलाई यस भिडियो च्यालेञ्जले प्रवर्द्धन गरिरहेको छ ।' अध्यक्ष गुरुङले भने ।

'२०१९ को भिडियो च्यालेञ्जबाट लमजुङको राइनस र तनहुँको मनाङ कोट धेरै नै चर्चामा आएको समेत उनले बताए । उनले यस फिल्म फेस्टिभलले नेपालको कुना कन्दरामा रहेका पर्यटकीय महत्वका नवीन थलोहरू एवं कला संस्कृतिलाई विश्वभर उजागर गर्न सघाउनेमा जोड दिए ।

हामी प्रवासमा जन्मेर हुर्किएका छौँ, कतिपयले हङकङलाई कर्मथलो बनाएर यहाँ बस्दै आएका छौँ । यस वृत्त चित्रबाट हामी नपुगेका र नदेखेका ठाउँहरूको बारेमा पनि जान्ने र बुझ्ने मौका पाएका छौँ ।

त्यस्तै, हङकङस्थित नेपाली महावाणिज्य दूतावासका महावाणिज्यदूत उदय बहादुर राना मगरले 'हामी उठ्ने छौं' भन्ने नाराका साथ फाउन्डेसनले सिंगो नेपाललाई देश विदेशमा पुर्याएकोमा आयोजकलाई धन्यवाद व्यक्त गरे । 'हामी प्रवासमा जन्मेर हुर्किएका छौँ, कतिपयले हङकङलाई कर्मथलो बनाएर यहाँ बस्दै आएका छौँ । यस वृत्त चित्रबाट हामी नपुगेका र नदेखेका ठाउँहरूको बारेमा पनि जान्ने र बुझ्ने मौका पाएका छौँ ।' उनले भने, 'आगामी दिनमा नेपालको प्राकृतिक तथा सांस्कृतिक सौन्दर्यलाई देश विदेशमा प्रचार गर्ने काममा यहाँहरूको संस्था लागिरहनुहुनेछ भन्ने अपेक्षा गरेको छु ।' कार्यक्रमको सञ्चालन फाउन्डेसनका इभेन्ट म्यानेजर प्रभात रिमालले गरेका थिए ।

'मेरो गाउँ, मेरो ठाउँ' भिडियो च्यालेञ्ज २०२३ मा वेस्ट भिडियो अफ द इयरको उपाधि जितेको टिम डुलुवाको 'दि नर्थन वाल', 'जजेज च्वोइस अवार्ड जितेको आर्यन कुँवरको 'मयूरी चाल' , टिम डुलुवाकै 'मेरो गाउँ तकसेरा'- 'मोष्ट एर्नजेटिक भिडियो मेकर', 'फ्युचर स्टार अफ दि इयर'-आदर्श पाण्डे, 'मोष्ट पोटेन्सियल डेस्टिनेसन'-सन्दकपुर गाउँपालिका, 'वेस्ट एडिटर'-आकाश धिमाल, 'वेस्ट स्क्रिप्ट-भ्वाईस ओभर'-रुमन थापा, 'वेस्ट स्टोरी कन्सेप्ट डिरेक्सन'-सुरेश कुमार मुखिया, 'वुनम भिडियो मेकर अफ दि इयर'-गरिमा भण्डारी र 'वेस्ट सिनेमाटोग्राफर'-सन्तोष मालेकका दश विधाका भिडियो प्रदर्शन गरिएको थियो ।

फेस्टिभलमा हङकङ नेपाली महासंघ, एनआरएनए हङकङ, मितेरी सेवा समिति पोखरा हङकङ, नेपाली क्लब हङकङ, ओम नमो बुद्ध आमा समूह, कोन्मै घोथाने गुरुङ समाज, नादा समाज हङकङ, राइज मिडिया नेटवर्क र नेपाल पर्यटन बोर्डको सहकार्य रहेको थियो । मिडिया पार्टनरमा एचके नेपाल डट कम, एनएचडीडी स्टुडियो, एच के ट्युब नेपाल अनलाइन र मेरो लाइफस्टाइल थिए ।

'नेपाल टुरिज्म फिल्म फेस्टिभल' हङकङपछि संसारका विभिन्न मुलुकहरू आयोजना गरिने आयोजक वि विल राइज फाउन्डेसनले जनाएको छ ।

भर्ना खुल्यो !

डिप्लोमा इन इन्जिनियरिङ्ग ( ३ वर्षे )
( SEE उत्तिर्ण गरी न्यूनतम 1.6 GPA भएका विद्यार्थीहरुका लागि )
डिप्लोमा इन सिभिल इन्जिनियरिङ्ग
डिप्लोमा इन कम्प्युटर इन्जिनियरिङ्ग
डिप्लोमा इन इलेक्ट्रीकल एण्ड इलेक्ट्रोनिक्स

स्वास्थ्य प्राविधिक विषयहरु ( ३ वर्षे ) :
( SEE उत्तिर्ण गरी न्यूनतम 2.0 GPA भएका विद्यार्थीहरुका लागि )
सामान्य चिकित्सा (H.A.)
मेडिकल ल्याब टेक्नोलोजी (CMLT)

फारम भर्ने मिति : २०८० श्रावण १२ गते सम्म
प्रवेश परीक्षा मिति : २०८० श्रावण २४ गते

गोल्डेन पार्क कलेज, विराटनगर ३, बरगाछी
०२१-४६४३४४, ९८४२०५०४१६, ९८५२०२४६१६
Email : gpcbiratnagar@gmail.com

# समाजिक सञ्जालमा भिडियो राख्ने तीन पक्राउ

विराटनगर । महिलाहरु माथि कुटपिट गरी समाजिक सञ्जालमा भिडियो राख्ने तीन जना पक्राउ परेका छन् ।

घटनाको विवरण अनुसार असार २९ गते जिल्ला सुनसरी बराहक्षेत्र नगरपालिका वडा नं.९ (टोल राजाबास) स्थित चिहान डाँडाको कोशी किनारमा जिल्ला सुनसरी बराहक्षेत्र न.पा. बडा नं. ९ ( राजाबास टोल) बस्ने बर्ष १९ की मनिषा राई सहित तीनजनाले बेईज्जती गरेको भन्ने आरोप लगाई पीडितहरुलाई झुक्याएर वारदात स्थान जिल्ला सुनसरी बराहक्षेत्र न.पा.वडा नं.९ (टोल राजाबास) स्थितको चिहानडाँडाको कोशी किनारमा बोलाई पाँच जनाले तीनैजना लाई पालैपालो कुटपिट गरी भिडियोसमेत बनाई सामाजिक सञ्जालमा उक्त भिडियो राखेकोमा पिडितहरुले आरोप सहित असार ३१ गते इलाका प्रहरी कार्यालयमा महेन्द्रनगरमा जाहेरी जाहेरी दर्ता गराएपछि पक्राउ गरको थियो ।

उक्त जाहेरी दरखास्तको आधारमा पाँच जना अभियुक्तहरु मध्येका जिल्ला सुनसरी बराहक्षेत्र न.पा. वडा नं. १० प्रकाशपुर (भुजेलटोल) बस्ने बर्ष १९ की प्रिति लिम्बुलाई पक्राउ गरी अभद्र व्यवहार मुद्दा दर्ता गराई म्याद थप गरिएको थियो ।

सोही घटनामा संलग्न प्रतीवादीहरु भागि लुकिछिपी बसिरहेको अवस्थामा जिल्ला सुनसरी बराहक्षेत्र न.पा. वडा नं. ८ (टोल सैनिकटोल) बस्ने बर्ष १८ की दुर्गा राई र बर्ष २२ की बिनिता उराँउलाई इप्रका महेन्द्रनगरवाट खटिएको प्रहरी निरीक्षक राजेश दत्तको कमाण्डको विशेष प्रहरी टोलीले सुनसरीको ईटहरी बजारबाट मंगलवार पक्राउ गरिएको थियो ।

पक्राउ परेकाहरु उपर थप अनुसन्धान भई रहेको छ भने फरार रहेका थप २ जना अभियुक्तहरुको खोजी कार्य भईरहेको प्रदेश प्रहरी कार्यालयले जनाएको छ ।

# तीन जिल्लाबाट ५ पक्राउ

विराटनगर । मोरङ, झापा र ईलाम जिल्लाका बिभिन्न स्थानहरुबाट अबैध लागुऔषध सहित ५ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

ईलाका प्रहरी कार्यालय पथरीबाट खटिएको प्रहरी टोलिले सोमबार मोरङको पथरीशनिश्चरे नगरपालिका -४ का ३९ बर्षिय धन बहादुर थापालाई निजकै घरमा लुकाई छिपाई राखेको अवस्थामा प्रतिबन्धित औषधी ट्रमाडोल ६ सय २९, स्पास्पेन ६ सय ६५ पिस सहित नियन्त्रणमा लिएको थियो ।

त्यसैगरी झापाको मेचीनगर नगरपालिका- ६ स्थितबाट प्रदेश ०२-०२२ प ८७२७ नम्बरको मोटर साईकलमा भारतबाट नेपाल तर्फ आउदै गरेका स्थानिय २९ बर्षिय अशोक डुम्जन तामाङ्लाई शंकास्पद अवस्थामा फेला पारी चेकजाँच गर्दा मोटरसाईकलको हेलमेट भित्र लुकाईछिपाई ल्याउदै गरेको अवस्थामा ८ मिलिग्राम ब्राउनसुगर फेला पारी प्रहरीले नियन्त्रमा लिएको थियो ।

ईलामको सुर्योदय नगरपालिका-६ कन्याम स्थित झापाबाट ईलाम तर्फ जादै गरेको बा २१ च ७९७१ नम्बरको कारमा लुकाई छिपाई लादै गरेको ब्राउन सुगर सहित स्थानिय २४ बर्षिय समिर तामाङलाई प्रहरीले पक्राउ गरेको थियो ।

पक्राउ परेका पांचै जना उपर सम्वन्धित कार्यालयवाट थप अनुसन्धान भई रहेको प्रहरीले जनाएको छ ।

# नागरिकता किर्ते मुद्धाका दुईजना प्रतिवादी जेल चलान

विराटनगर । झुठो विवरण पेश गरी किर्ते नागरिकता बनाई दिने दुई जनालाई मोरंग जिल्ला अदालतले पुर्पक्षको लागि थुनामा पठाएको छ ।

घटनाको विवरण अनुसार जिल्ला प्रशासन कार्यालय मोरङबाट जिल्ला मोरङ बेलबारी नगरपालिका वडा नं.-११ बस्ने भनि स्थायी ठेगाना जिल्ला ताप्लेजुङ मैवाखोला गाउँपालिका वडा नं.-४ घर भई हाल जिल्ला मोरङ लेटाङ नगरपालिका वडा नं..-७ बस्ने बर्ष ६१ को सुर्यहाङ लिम्बु र जिल्ला सुनसरी धरान उपमहानगरपालिका वडा नं.-११ बस्ने बर्ष ६० को सुर्य बहादुर फ्याङ्ग लिम्बुको योजनामा नागरकता वनाएको थियो ।

प्रतिवादीहरूको योजना अनुसार सुर्यहाङ लिम्बुबाबु भई जिल्ला कास्की पोखरा महानगरपालिका वडा नं.-१० स्थायी घर भएका रविन गुरूङ, जिल्ला कास्की पोखरा महानगरपालिका वडा नं.-१२ बस्ने बर्ष १९ को प्रशान्त मगर र जिल्ला कास्की पोखरा महानगरपालिका वडा नं.-१६ बस्ने बर्ष २९ को गणेश गुरूङको झुठा विवरण पेश गरी क्रमश : सुरज लिम्बु, साजन लिम्बु र सविन लिम्बुको नाममा झुठो नागरिकता बनाएको थियो ।

झुठा किर्ते नागरिकता मुद्दाको कसूरमा सुर्यहाङ लिम्बु र सुर्य बहादुर फ्याङ्ग लिम्बुलाई पक्राउ गरी अनुसन्धान पश्चात सम्मानित मोरङ जिल्ला अदालतमा पेश गरिएको थियो । सोही आदेशले दुवै जनालाई श्रावण १ गते पुर्पक्षको लागि कारागार चलान गरिएको थियो ।

# सुन तस्करीमा गृह र अर्थ मन्त्रालयको मिलोमतो

विराटनगर । प्रतिनिधि सभा सदस्य डा.सुनिल शर्माले १५५ किलो सुन तस्करी घटनामा गृह र अर्थ मन्त्रालयको संलग्नता देखिएको आरोप लगाएका छन् ।

प्रहरीको उच्च सुरक्षा चेकजाँच हुने ठाउँ एयरपोर्टबाट ठूलो परिमाणमा सुन भित्रिनुले घटनामा गृह मन्त्रालयको संलग्नता देखिएको उनको ठम्याई छ ।


प्रतिनिधि सभा सदस्य डा. सुनिल शर्मा

गृह र अर्थ मन्त्रालयका उच्च पदस्थ व्यक्तिहरूबीच भागबन्डामा कुरा नमिल्दा सुन समातिएको हुनसक्ने उनको बुझाई छ । डीआइजीको नेतृत्वमा विशेष सुरक्षा चेकजाँच हुने ठाउँ एयरपोर्ट कटेर सुन भित्रिनु र एयरपोर्टको गेट कटेर गइसकेपछि अर्थ मन्त्रालय मातहतको राजश्व विभागले पक्राउ गर्नुले घटनामा गृहको संलग्नता पुष्टि गर्ने सांसद शर्मा बताउँछन् ।

'विदेशमा भएको छोरालाई गाउँबाट आमाले एक बट्टा धुले अचार पठाउँदा पुलिसले थाहा पाउँछ, विदेशबाट आउँदा ल्याएको एउटा मोबाइल समातेर हल्ला पिटिन्छ, सिक्री थुतिन्छ, त्यस्तो कडा चेकजाँच हुने एयरपोर्टमा क्विन्टलका क्विन्टल सुन कसरी पस्छ र कसरी यहाँ एयरपोर्टको गेटबाट बाहिरि जान सक्छ?,' काठमाडौंमा बिहीबार सञ्चार कर्मीलाई प्रतिक्रिया दिदै सांसद शर्माले भने, 'गृह मन्त्रालय मातहतको प्रहरीले नसमातेर एयरपोर्टबाट सुन बाहिरिनुले यसमा गृह सामेल थियो भन्ने प्रमाणित भयो, गृह र अर्थबीचको भागबन्डामा कुरा नमिल्दा पक्राउ परेको जस्तो देखिन्छ । यसमा संलग्न मुख्य नायिके सार्वजनिक गरिनुपर्छ, अब हामी त्यसै छोड्नेवाला छैनौ ।'

ठूलो पदमा भएका व्यक्ति वा ठूला राजनीतिकर्मीकै संलग्नतामा सुन तस्करी भएको सांसद शर्माको आशंका छ । मोरङको क्षेत्र नं.३ मा नेपाली कांग्रेसबाट निर्वाचित भएका सांसद शर्माले हाम्रो गठबन्धनको गृहमन्त्री, मेरो पार्टीको अर्थमन्त्री भनेर अब नछोडिने प्रष्ट पारे । अब बस्ने संसद् बैठकमा यसलाई जोडदार रुपमा प्रस्तुत गर्ने उनले जानकारी पनि दिए ।

# मोटरसाईकल चोरीमा संलग्न दुईजना पक्राउ

विराटनगर । मोटर साईकट चोरी गरेको आरोपमा दुई जनालाई प्रहरीले पक्राउ गरेका छन् ।

घटनाको विवरण अनुसार श्रावण ३ गते बुधवार जिल्ला मोरङ विराटनगर महानगरपालिका वडा नः.-२ स्थित राधाकृष्ण मन्दिर अगाडीबाट पार्किङ गरी राखेको जिल्ला मोरङ धनपालथान गाउँपालिका वडा नं.-२ बस्ने प्रकाश मण्डलको को ३० प ५२३६ नम्बरको सुपर स्प्लेण्डर मोटरसाईकल चोरी भएको थियो ।

उक्त मोटर साईकल चोरीको आरोपमा जिल्ला सुनसरी ईटहरी उपमहानगरपालिका वडा नं. १३ खनार बस्ने बर्ष २५ को मो कमरूदिन र जिल्ला सुनसरी ईटहरी उपमहानगरपालिका वडा नं.-१४ खनार बस्ने बर्ष २२ को मो. सम्सेरलाई जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरी टोलीले विहीवार चोरीको मोटरसाईकल सहित नियन्त्रणमा लिएको थियो ।

नियन्त्रणमा लिएका दुवैजनालाई चोरी कसूरमा सम्मानित मोरङ जिल्ला अदालतबाट दिन ७ (सात) म्याद थप गरी थप अनुसन्धान कार्य भई रहेको जिल्ला प्रहरी कार्यालय मोरंगले जनाएको छ ।

# प्रहरी निरीक्षक र प्रहरी जवान सर्वोत्कृष्ट घोषित

बिराटनगर । कोशी प्रदेश प्रहरी कार्यालय बिराटनगरले प्रहरी निरीक्षक बुद्धिराम चौलागाई र प्रहरी जवान आयुष राईलाई असार महिनाको सर्वोत्कृष्ट प्रहरी घोषणा गरी पुरस्कृत गरेको छ ।

विभागीय मुल्य-मान्यता, आदेश-निर्देशनको पालना गरी व्यवसायिक, लगनशील र कर्तव्यनिष्ठ तवरले उच्च मनोवल र साहसका साथ आफ्नो कर्तव्य निर्वाह गरी अपराध अनुसन्धानको क्षेत्रमा विशेष योगदान पुर्‍याउनुको साथै असार महिनामा विभिन्न मुद्दाका फरार प्रतिवादीहरु पक्राउ गरी कानुनी कारवाहीको दायरामा ल्याएको भन्दै सो घोषणा गरको हो ।


प्रहरी निरीक्षक बुद्धिराम चौलागाई र प्रहरी जवान आयुष राई

असार ६ गते जिल्ला सुनसरी दुहवी नगरपालिका-५ स्थितमा विशेष सूचनाको आधारमा भारतीय नागरिकहरु दिपेश यादव र अभिषेक यादवलाई ९ के.जी. गाँजा सहित पक्राउ गरेको थियो ।

त्यसैगरी प्रहरी हिरासतमा मानव मस्तिष्क सहितको पुस्तकालयको स्थापना गर्नुका साथै विभिन्न समयमा भन्सार छलि ल्याएको अवैध सामानहरु भन्सार कार्यालयमा बुझाउनुका साथै असार ४ गते जिल्ला खोटाङ रावा बेसी गाउँपालिका वडा नं. ४ स्थित रावा खोलामा आएको बर्षातको बाढीमा रावा खोलाको वीचमा फसेका २ जना वर्ष २७ को युवराज रोक्का र बर्ष १६ को मदन मगरलाई आफ्नो ज्यान समेत जोखिममा राखी उद्दार गरी विभिन्न समयमा वाढी पहिरोको कारण रोकिएका सवारी साधनहरुलाई स्थानीय निकायहरुसँग सहकार्य गरी सवारी साधन खुलाएको र आम नागरिकमा प्रहरीको छवि उच्च राख्दै त्रुटी रहित तवरबाट कर्तव्यपथमा तल्लीन रही आफुलाई दिईएको जिम्मेवारी तथा दायित्व उच्च मनोवलका साथ निर्वाह गरी उत्कृष्ट तथा प्रशंसनीय कार्य गरेको थियो ।

उक्त कार्यहरु गरेका इलाका प्रहरी कार्यालय दुहवी, सुनसरीमा कार्यरत प्रहरी निरीक्षक बुद्धिराम चौलागाई र प्रहरी चौकी हरमटार, खोटाङमा कार्यरत प्रहरी जवान आयुष राईलाई उनीहरुले सम्पादन गरेको उत्कृष्ट कार्यको उच्च मुल्याङकन गर्दै २०८० साल असार "महिनाको सर्वोत्कृष्ट प्रहरी" घोषणा गरी पुरस्कृत गरिएका छन् ।

कोशी प्रदेश प्रहरी कार्यालय बिराटनगरले प्रत्येक महिना प्रदेश भरीबाट उत्कृष्ट कार्य गर्ने प्रहरी कर्मचारीहरुको छनौट गरी पुरस्कृत गर्दै आईरहेको छ ।

# बरिष्ठ मुटु रोग विशेषज्ञ सायमीको सेवा शुरु

विराटनगर । बरिष्ठ मुटुरोग विशेषज्ञ प्रा.डा.अरुण सायमीले आजबाट काठमाडौंको सिनामंगलस्थित काठमाडौं मेडिकल कलेजमा उपचार सेवा सुरु गरेका छन् ।

चार दशक अघिदेखि मुटुरोगीको उपचारमा सक्रिय प्रसिद्ध डा.सायमी केएमसीमा आवद्ध भएर उपचार सेवा सुरु गरेका हुन् ।उपचार सेवालाई थप स्तरीय बनाउँदै लगेको केएमसीले डा.सायमीलाई भित्र्याएर मुटुरोग विभागको सेवालाई थप मजबुत बनाएको केएमसीका अध्यक्ष सोइना शर्माले जानकारी दिइन् । शहीद गंगालाल ह्दय केन्द्रका संस्थापक अध्यक्षसमेत रहेका सायमीले २१ वर्ष प्रधानमन्त्रीको निजी चिकित्सकको रुपमा काम गरेका थिए । डा.सायमीको प्रवेशसँगै केएमसीको मुटु विभागमा विशेषज्ञ डाक्टरहरूको थप मजबुत टिम बनेको अस्पतालका जेनेरल मेनेजर नारायण दाहाल बताउँछन् ।

केएमसीको मुटु विभागमा प्रा.डा.सञ्जय श्रेष्ठ, डा.आदित्य महासेठ लगायत विशेषज्ञ डाक्टरहरू पनि कार्यरत छन् । बरिष्ठ मुटुरोग विशेषज्ञ प्रा.डा.राजेश नेपाल र डा.सहदेव ढुंगानाले पनि सेवा दिने गरेका छन् । डा.सुनिल शर्माको प्रवेशसँगै स्तरीय सेवा सुविधा विस्तारलाई तीव्रता दिएको केएमसीले अहिले पनि त्यसलाई जारी राखेको छ । मुटु विभागको सेवामा पनि निकै सुधार गरिएको छ ।

केएमसीले करिब छ महिना अघिबाट अत्याधुनिक 'वाइप्लेन क्याथल्याब' पनि सञ्चालन गरेको छ । न्युरो, कार्डियो र भास्कुलर सर्जरी गर्न मिल्ने प्रविधिसहितको सो क्याथल्याब नेपालमै पहिलो पटक सञ्चालन गरिएको हो ।

# सार्वजनिक ठाउँमा सुर्ती जन्य पदार्थ खाए एक हजार जरिवाना

विराटनगर । विराटनगर महानगरपालिका क्षेत्र भित्र अक सुर्तीजन्य वस्तु रजनीगन्धा, गुट्का, जर्दा पान जस्ता वस्तु सार्वजानिक सडकमा खानेहरुलाई एक हजार रुपैँया जरिवाना लिइने भएको छ ।

महानगरपालिकाले यो ऐन कार्यन्वयनका लागि कार्यविधी निर्माण गरेको छ । बनेको कार्यविधीको ड्राफ्टलाई अन्तिम रुप दिने काम भईरहेको छ ।

महानगरपालिकाका मेयर नागेश कोइरालाले नगर क्षेत्र भित्र यो बिक्री वितरण र प्रयोग पूर्ण रुपमा नियन्त्रण गरिने दावी गरेका छन् । उनले कार्यविधीको निर्माण भएकोले अब सार्वजानिक सडकमा सुर्तीजन्य पदार्थको सेवन गर्नेहरुलाई समेत एक हजार जरिवाना भराईने छ ।

यसैगरी कुनैपनि पसलबाट प्याकेटमा भएको रजनीगन्धा, गुट्खा जस्ता वस्तु बिक्री गरेको पाइएमा ५० हजार रुपिँया जरिवाना भराउने तयारी गरिएको छ ।

महानगरपालिकाका नगर प्रहरी प्रमुख राजन पौडेलले कार्यविधी कार्यन्वयनमा आए लगतै विराटनगरका सबै पसलमा जुनसुकै बेला नियमन गरिने छ । यदि सुर्तीजन्य वस्तु फेला परेमा जफत गर्नुका साथै जरिवाना समेत भराईने छ ।




**कर तिरौं, राजश्व बढाऔं**

कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो । त्यसैले कर तिरौं देशको राजश्व बढाऔं ।
स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस् ।
लेखा राखौं हिसाबमा भर, हच्युवामै नतिरौं कर
कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं ।
सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर ।

**अन्तरिक राजश्व कार्यालय विराटनगर**

## आरक्षणको...

तप्कालाई राज्यका विभिन्न निकायमा विशेष सहुलियत सहित सामेल गर्न आरक्षणहरूको व्यवस्था गर्नै पर्छ ।

यस्तो लाग्दथ्यो, नेपाली महिलाहरु अधिकारको कुरामा धेरै शक्तिशाली भइसके। यसका लागि विदेशबाट सहयोगको खोलो बगेको छ। तर, साँच्चै भन्नुपर्दा के-कति प्रगति भएको छ त? भएकै छैन भन्ने तर्क पनि यो पंक्तिकारको होइन। तर, जसरी हुनुपर्थ्यो त्यसरी पक्कै हुनसकेको छैन ।

कारण, पहिलो त सरकारको तर्फबाट जे-जति नीति-नियम बनाइन्छ, त्यो साँच्चै लागू गर्नभन्दा पनि देशले हरेक चार वर्षमा जेनेभास्थित ह्युमन राइट काउन्सिल (संयुक्त राष्ट्रसंघीय मानव अधिकार परिषद्) मा आफ्नो देशको मानवअधिकारको स्थितिबारे प्रतिवेदन बुझाउँदा आफ्नो देशको अवस्था नराम्रो नदेखियोस् भनेर मात्रै गरेको हो कि? जस्तो पनि लाग्दछ ।

दोस्रो, नेपालको महिला विकासको सबैभन्दा ठूलो कमजोरी भनौं वा दातृ संस्थाहरुको चातुर्य, उनीहरु आफूलाई सफल देखाउन केवल निश्चित व्यक्तिहरुको समूहलाई मात्रै आर्थिक रुपले पक्षपोषण गरिरहेछन्। यो कुरा रात-दिन देख्नेहरुको आँखामा त सामान्य नै लाग्ला तर कुनै संघ-संस्थासँग संलग्न नभइकन केलाउने हो भने दातृ संस्थाहरुले तिनै औंलामा गनिने व्यक्तिबाहेक अरुलाई कता र कसरी अगाडि बढाएका छन् त ?

आज पनि तिनै व्यक्तिहरु अग्रपंक्तिमा आउँछन्, जो करिब दुई दशकभन्दा अगाडिदेखि यो संस्था वा त्यो संस्थामा हालीमुहाली गरिरहेका छन्। त्यसैले पनि जब राजनीतिक वा अन्य गतिविधिमा महिलालाई अगाडि ल्याउने कुरो आयो कि त 'महिला नै पाइँदैनन्' भनिन्छ ।

ती औंलामा गनिने महिलालाई पनि राजनीतिक दलमा हालीमुहाली गर्ने पुरुषहरुको 'नातेदार' भएको कारणले मात्रै अगाडि ल्याइन्छ। यहाँ बुझ्न नसकिने कुरो के हो भने, त्यस्ता हकहितका कुरा समाजका प्रभावशाली वर्गहरूकै लागि अगाडि सारिएको हो त ?

तेस्रो कुरा, महिला आन्दोलनले उठाएका कुनै विषय पनि दिगो लक्ष्यका साथ अगाडि बढेको देखिँदैन। उदाहरणका लागि अन्तर्राष्ट्रिय नाराका साथ कुनै मुद्दा उठाइन्छ, त्यसका लागि फन्ड आउन्जेल सो मुद्दा अगाडि बढ्छ। फेरि अन्तर्राष्ट्रियस्तरमै नारा फेरिन्छ र जब फन्ड आउँदैन, त्यो विषय बीचमै छाडिदिइन्छ ।

यो कुरा शतप्रतिशत लागू नहोला तर, प्रायः त्यस्तै देखिन्छ। यसको दोषी पक्ष सरकार पनि हो। किनकि, महिला विकासको सन्दर्भमा सरकारी पक्ष उदासीन नै छ। सरकारले आजसम्म जे जस्तो पहल गरेको छ सायद, संयुक्त राष्ट्रसंघीय एजेन्सीहरुको पहल तथा दबाब नहुँदो हो त यस हिसाबले अगाडि बढ्ने थिएन ।

यदि महिला सक्षम छैनन् भन्ने लाग्छ भने हरेक राजनीतिक दलले आफ्ना दलबाट चुनिएर गएका महिलाहरुलाई एकत्रित गरेर केही दिनको 'बुट क्याम्प स्टाइल'को ट्रेनिङ दिनै पर्दछ । त्यहाँ उनीहरुलाई देशको आर्थिक, राजनीतिक, कूटनीतिक लगायत महिला आन्दोलनका वर्तमान अवस्थाबारे सम्बन्धित विषयका विज्ञहरुबाट गम्भीर तापूर्वक जानकारी दिने मात्रै होइन कि भविष्यका लागि के-कस्तो योजना बनाउनुपर्दछ भनेर पनि सचेत गराउन सकिन्छ ।

यसको राम्रो उदाहरण, अमेरिकाको सन् २००८ को राष्ट्रपतीय चुनावमा रिपब्लिकन उम्मेदवार जोन मकेनले आफ्नो टिममा उपराष्ट्रपतिको उम्मेद वारको लागि अलास्काकी गभर्नर शेरा पेलिनलाई पूरै टिम राखेर राजनैतिक, कूटनीति, आर्थिक लगायत लुगा लगाउने समेतका कुरामा प्रशिक्षण दिइएको तथ्य उनको बारेमा बनेको पोलिटिकल ड्रामा 'गेम चेन्ज'मा देख्न सकिन्छ ।

र, आरक्षण र समावेशिताको कुरा गर्दा सबैभन्दा महत्वपूर्ण कुरा नेता पत्नी, उनका नातेदार र समाजका तर मार्न निपुणहरूलाई मात्र अगाडि सारिनु भएन ।

यसै सन्दर्भमा, सामाजिक न्यायको बारेमा कविता तथा लेखको माध्यमबाट आवाज उठाइरहने युवा अध्येता सुमिनालाई प्रश्न राख्दा जवाफ थियो- 'अहिले पनि संरचनात्मक लाभांश लिन नपाउने वर्गलाई आरक्षण वा सकारात्मक विभेदको अति नै खाँचो छ ।'

हाम्रो जस्तो समाज जहाँ अल्पसङ्ख्यकबाट बहुसङ्ख्यक शोषणमा छन्, त्यो कतै जातको, लिङ्गको, भूगोल र सम्प्रदायको नाममा । आठ हजार वर्षदेखि महिला शोषणमा छन् भने चार हजार वर्षदेखि दलित शोषणमा छन् । मधेशी, जनजाति सीमान्त बनाइएका छन् । जसले हजारौं हजार वर्षदेखि संरचनात्मक लाभांशको उपभोग गर्दै आफ्नो सक्षमता र चेतनाको विकास गर्दै आयो त्यही वर्ग आज पनि शक्तिको शीर्ष स्थानमा पकड जमाएर बसेको छ ।

जुन वर्ग संरचनात्मक उत्पीडनको मारमा हजारौं वर्ष पिल्सियो, जुन भर्खर बामे सर्न खोजिरहेको छ त्यसलाई अन्य वर्चस्वशाली वर्गसँग समान प्रतिस्पर्धामा उतार्नु कतै न्यायोचित हुँदैन। दौडिरहेको र घस्रिरहेको वर्गको बीचमा समान प्रतिस्पर्धा होस् भन्नु प्रकारान्तरले असमानता नै हुन्छ। चेतनामा भर्खर बामे सर्न लागिरहेका हरूलाई उकास्न र राज्यको निकायमा उनीहरूको पहुँचलाई पुर्याउन आरक्षण र सकारात्मक विभेदको अत्यावश्यक हुन्छ ।'

पुर्ख्यौली सम्पत्ति भएका र उच्च भनिने जातले मनग्य प्रगति गर्दा समेत त्यस्ता सम्पत्ति नभएका कथित तल्लो जातिका भने झन्-झन् पछाडि पर्दै जाने अवस्था बनेको छ। यी दुई वर्गका बीचको दुरी कहालीलाग्दो गरी बढेको छ ।

उहाँको भनाइमा, 'आर्थिक विपन्नता, मनोवैज्ञानिक अवस्थिति र सामाजिक वातावरणले पिंधका मानिसलाई पिंधमै राखिरहेको हुन्छ। यी तीनवटै कुरामा पिंधका मानिसलाई अतिरिक्त अधिकार वा अवसर दिएर मात्र त्यो संभव हुन्छ ।

राज्य भनेको सम्भ्रान्त वर्ग, पुरुष वर्चस्व मात्रै होइन सम्पूर्ण लिङ्ग, जातजाति, भूगोल, वर्ग सम्प्रदाय हो। असमान शक्ति सन्तुलनले पिछडिएको वर्गलाई मात्रै नभएर राज्यको विकास क्रमलाई पनि नकारात्मक प्रभाव पार्ने हुँदा राज्यलाई समावेशी बनाउनको निम्ति भुइँको तप्कालाई राज्यका विभिन्न निकायमा विशेष सहुलियत सहित सामेल गर्न आरक्षणहरूको व्यवस्था गर्नै पर्छ ।

एउटा भनाइ छ- 'असमान समाजमा समानताको नारा पनि असमानता नै हो ।' अवश्य पनि, जो एक कद माथि छ त्यो अलिकति नझुकी तलको मान्छे जति तन्किए पनि समान हुन सक्दैन। सबै खाले समानताको खास अवधारणा यही र यस्तै हो ।'

सकारात्मक विभेदको कुरा महिलालाई वा दलितलाई मात्रै वा अन्य कुनै सीमान्तकृत वर्गको लागि मात्रै आवश्यक हुने होइन बरु, उनीहरूलाई अगाडि ल्याउँदा समग्र देशलाई नै कति फाइदा हुन्थ्यो र हुन्छ भन्ने कुरा पनि सर्वसाधारणलाई सरकारले बुझाउन सकेको छैन ।

उदाहरणको रुपमा जलस्रोत विद् मधुकर पाध्यायको भनाइ छ- 'स्रोत व्यवस्थापन र खासगरी जलवायुको सवालमा विभेदको कुरो प्रष्ट देखिन्छ जुन आजसम्म सम्बोधन हुनसकेको छैन। वि.सं. २०१५ मा खुट्याएको बाढी पहिरोको समस्या आजसम्म सम्बोधन भएन, किनभने यसले पिर्ने त उही तल्लो वर्गलाई हो। यसले मलाई खान्छ त्यसैले मैले यसै विषयमा लेख्दै आएको पनि छु ।'

उहाँको विचारमा, 'प्रणालीगत विभेद हाम्रो समाज र स्थापित संस्थाहरूको जगमा रहिआएको छ। उच्च जातिका र शक्तिमा भएका पुरुषहरूबाट सीमान्तकृत बनाइएका महिला, दलित, अपाङ्गता भएका व्यक्ति र यौनिक अल्पसंख्यकलाई गरिने विभेदले तिनलाई झनै पछाडि धकेलेको छ; डिसइम्पावर गरेको छ । मलाई लाग्छ सकारात्मक विभेदले यस्ता प्रणालीगत असमानता ( इक्वालिटी एण्ड इक्युटी) लाई सम्बोधन गर्न मद्दत गर्दछ। यसैले वि.सं. २०६४ ताका नै राज्यले आरक्षणको नीति अवलम्बन गर्ने कार्यको प्रारम्भ गरेको हो, जसले महिला र सीमान्तकृत वर्गको राज्यका निकाय र प्रशासनमा सम्मान जनक उपस्थिति गराउने उद्देश्य लिएको पनि हो। निजामती ऐन कानुनलाई सोही बमोजिम परिमार्जन गरिएको थियो ।'

स्मरणीय छ, सरकारले २०६४ सालको पुस महिनादेखि आरक्षणको नीति अघि बढाएको थियो ।

उपाध्यायका अनुसार, 'प्रणालीगत विभेद संस्थागत भएको हाम्रो सामाजिक परिप्रेक्षमा, सीमान्तकृत वर्गको विकासमा बाधाको रुपमा रहेको विभेद अन्त्यको लागि प्रणालीमै सुधार गर्नुका साथै जुगौं पुरानो ऐतिहासिक भूलहरूलाई सच्याउने प्रयास आवश्यक छ। सायद, २०६४ को प्रयास त्यतैतिर केन्द्रित थियो ।

सकारात्मक विभेदले महिला र दलितलाई राज्यका निकायहरुमा उपस्थित गराउने वातावरण बनायो तर, त्यो प्रयासले समता स्थापित गर्न मद्दत गरेको भन्ने अवस्था छैन ।

उदाहरणको लागि नेपालको समग्र गरिबीको संख्या उल्लेख्य रुपमा घट्ता पनि दलित र सीमान्तकृत समूहको गरिबीको अवस्थामा त्यही अनुसारको सुधार हुनसकेको छैन। पुर्ख्यौली सम्पत्ति भएका र उच्च भनिने जातले मनग्य प्रगति गर्दा समेत त्यस्ता सम्पत्ति नभएका कथित तल्लो जातिका भने झन्-झन् पछाडि पर्दै जाने अवस्था बनेको छ। यी दुई वर्गका बीचको दुरी कहालीलाग्दो गरी बढेको छ ।

उहाँको विचारमा, 'सकारात्मक विभेद समता र समानताको बाटोको लागि राम्रो कदम हो । समग्र समाजको विकास विना प्रगति सम्भव छैन नै। किनकि, सीमान्तकृतप्रति गरिने विभेदले अन्याय बढाउँछ र समाजमा एकअर्काप्रति हुनुपर्ने सद्भाव प्रस्फुटित हुन पाउँदैन। समाज सायद पर्फेक्ट त हुँदैन तर, त्यस दिशातर्फ लैजाने प्रयास हुनुपर्दछ। विद्यमान जातीय, लैंगिक जस्ता विभेदलाई कम गर्दै समावेशी बनाउन धेरै काम गर्नुपर्दछ ।'

यी सबैका बाबजुद हामी अगाडि जान जति धेरै कोसिस गर्दै हुन्छौं, पछाडि फर्काउन पनि उत्तिकै जोड चलिरहेको भान हुन्छ ।

बल्लबल्ल २०६४ सालमा सूत्रपात गरेको सकारात्मक विभेद वा आरक्षण ठीक भएन र यसको काम छैन भनेर आवाज उठ्न थालेको छ। करिब एक वर्ष अगाडि राष्ट्रिय समावेशी आयोगले आरक्षण व्यवस्थालाई अल्पकालीन व्यवस्थाको रूपमा लिएर जतिसक्दो छिटो अन्त्य गर्नुपर्ने राय सुझाव राष्ट्रपति समक्ष पेश गरेको थियो ।

'विद्यमान सरकारी सेवामा आरक्षणको प्रभाव अध्ययन प्रतिवेदन २०७९' शीर्षक अन्तर्गत सार्वजनिक भएको उक्त प्रतिवेदनलाई अधिकार कर्मीहरूले विरोध पनि गरेका थिए ।

तर, एउटा तीतो सत्य के हो भने आरक्षणको नाउँमा एउटै व्यक्ति दशकौंदेखि पद ओगटेर बस्ने, आफ्नै परिवारका सदस्य या नातेदारको लागि आरक्षण र कोटाको उपयोग गर्ने प्रवृत्तिचाहिं कडाइका साथ हटाउनै पर्दछ ।

अनलाइन खबरवाट

## विचित्र संसार

संसारका कतिपय ठाउँमा आज पनि यस्ता अनौठा तथा अपत्यारिला परम्पराहरु छन्, जसका बारेमा सुन्दैमा पनि अप्ठेरो लाग्दछ ।

परम्परागत समाजमा यस्ता परम्परा तथा अन्धविश्वासी प्रथाहरुबाट बढी मात्रामा महिलाहरु नै प्रभावित भएको देखिन्छ ।

हाम्रो छिमेकी मुलुक भारतमा पनि एउटै यस्तै प्रथा छ, जसले महिलाहरुलाई वर्षमा पाँच दिनसम्म कपडा लगाउन दिँदैन ।

भारतको हिमाचल प्रदेशमा पर्ने पिणी गाउँमा यस्तो अनौठो परम्परा रहिआएको छ । उक्त परम्परा अनुसार गाउँका महिलाहरुले हरेक वर्ष साउन महिनामा पाँच दिनसम्म शरीरमा कपडा नलगाइकनै बस्नु पर्दछ ।

यो प्रथाको पालना नगरेमा केही दिनमै कुनै अप्रिय घटना हुने विश्वास गाउँलेहरुमा छ । उक्त पाँच दिनसम्म आफ्नो पतिसँग बोल्दैनन् र सँगै पनि बस्दैनन् ।

साउनका ती पाँच दिनमा महिलाका लागि मात्र नभइ पुरुषका लागि समेत केही नियम तय भएको छ । जस अनुसार पाँच दिनसम्म पुरुषहरुलाई रक्सी तथा मासुको सेवन बर्जित हुन्छ ।

आखिर साउनमा पाँच दिनसम्म महिला निर्वस्त्र बस्नुपर्ने र पुरुषले समेत रक्सी र मासु खान नहुने परम्परा कसरी चल्यो त सो गाउँमा ? यसका पछाडि एउटा किम्बदन्ती छ ।

किम्बदन्ती अनुसार धेरै पहिलो पिणी गाउँमा राक्षसहरुले आतंक मच्चाएका थिए ।

राक्षसहरुले गाउँका सिँगारपटार गर्ने तथा सुन्दर कपडा लगाउने विवाहित महिलाहरुलाई अपहरण गरेर लैजान्थे ।

राक्षसको आतंक मच्चि रहेको सोही समयमा लाहुआ घोंड नामका एकजना देवता गाउँमा आए र राक्षसको बध गरेर गाउँलाई त्रासमुक्त बनाए अनि महिलाहरुको ज्यान पनि जोगाए ।

त्यसपछि नै उक्त गाउँमा साउन महिनामा महिलाहरु पाँच दिनसम्म निर्वस्त्र बस्ने परम्परा चलेको हो ।

यद्यपि पछिल्लो समयमा आधुनिकतासँगै गाउँमा यो परम्पराको पालनामा केही कमी आएको छ ।

SUKRATARA FURNITURE UDYOG
9813033365
9805301277
BIRATNAGAR
Chattdev007@gmail.com

All types of Fabrication, Furniture, Prefab, Truss are available.

## सूचना सूचना सूचना

सड्क क्षेत्रको दायाँ बायाँ रहेका रूख काट्नु सार्वजनिक अपराध हो । यसरी रूखहरू काटिएको पाईएमा नियम कानून बमोजिम कारवाही हुने व्यहोरा जानकारी गराउँद छौ । सडक हाम्रो सार्वजनिक सम्पति हो, यसका संरक्षण र सम्बर्द्धन गरौ, सडक सफा राखौं र सडक अतिक्रमण हुनबाट जोगाऔं ।

**सडक डिभिजन कार्यालय**
**विराटनगर प्रदेश नं. १**

## विराटनगर महानगरपालिकाको सूचना

- मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खानेकुराहरु नखाऔं ।
- उपभोक्ता हित संरक्षणमा चनाखो बनौं ।
- छाला भएको मासु नखाऔं र विक्री तिवरणमा समेत निरुत्साहित गरौं ।
- आखद रंग प्रयोग गरेका खाद्य पदार्थहरुको उपभोग बहिस्कार गरौं ।
- छाडा चौपायाको नियन्त्रण गरौं , घरपालुवा चौपायाहरु छाडा नछाडौ ।
- सडक तथा पेटीकीनारामा आवागमन अवरोध हुने गरी निर्माण समाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं ।
- बसोबास स्थल, टोलमा व्यवसायिकरुपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- सवारी साधनहरु तोकिएको स्थानमा मात्र पार्किङ्ग गरौं ।
- बालबालिकालाई काममा हैन विद्यालय पठाऔं ।
- बालश्रम शोषणविरुद्धको आचारसंहिता पालना गरौं बालश्रम शोषण मुक्त नगरको स्थापना गरौं।
- बालश्रम शोषण समाजिक अपराध हो ।
- विराटनगर उपमहानगरपालिका क्षेत्रका प्रत्येक घरलाई बालसंक्षणगृहको रुपमा स्थापित गरौं।
- सार्वजनिक स्थलमा जतातत्तै फोहोरमैला नफालौं ।